# पोखरा महानगरपालिका
र
# फेवा सिल्टेसन प्रा.लि.का बीच

"फेवातालको ४ वटा स्रोतनदीमा बनेका सिल्टेशन ट्रापमा बनेका ड्यामको
मर्मत संभार तथा संकलन हुने सामाग्रीको संकलन तथा निकासी गर्ने सम्बन्धी आयोजना"
सञ्चालनका लागि गरिएको

## सम्झौता पत्र

दिनाङ्कः २०७८/२/१७ गते
पोखरा
गण्डकी प्रदेश, कास्की, नेपाल

पोखरा महानगरपालिका र फेवा सिल्टेसन प्रा.लि.का बीच फेवातालको ४ (चार) वटा स्रोतनदीमा बनेका सिल्टेशन ट्रापमा बनेका ड्यामको मर्मत संभार तथा संकलन हुने सामाग्रीको संकलन तथा निकासी गर्ने सम्बन्धी आयोजना" सञ्चालनका लागि गरिएको द्विपक्षीय

## सम्झौता पत्र

पोखरा महानगरपालिका (यस पछि प्रथम पक्ष भनिएको छ) र गण्डकी प्रदेश, कास्की जिल्ला पोखरा महानगरपालिका, वडा नं. २३ मा कार्यालय भई कम्पनी रजिस्टरको कार्यालयमा दर्ता भएको फेवा सिल्टेसन प्रा.लि.(द.नं.-२४७६०८/०७७/०७८) यस सम्झौतामा (यस पछि दोस्रो पक्ष भनिएको) का बीच सार्वजनिक निजी साझेदारीको अवधारणा अनुसार पोखरा महानगरपालिका क्षेत्र भित्र फेवातालको चारवटा स्रोत नदीमा पोखरा महानगरपालिका र गण्डकी प्रदेश सरकारको संयुक्त लगानीमा निर्मित सिल्टेशन ट्राप (ड्याम) को निजी लगानीमा मर्मत् संभार, थप पूर्वाधार संरचनाहरुको निर्माण गर्ने तथा उक्त ड्यामहरुमा संकलन हुने दहत्तर बहत्तर लगाएतका सामाग्री संकलन तथा प्रशोधन गरी विक्री गर्ने उद्देश्यबाट यस संझौताका शर्त वमोजिमको काम गर्न मञ्जुर भएकोले पोखरा महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा बसी पोखरा महानगरपालिकाको सार्वजनिक निजी साझेदारी सम्वन्धी ऐन, २०७४ को दफा २९ बमोजिम यो सम्झौता ३ (तीन) प्रतिमा हस्ताक्षर गरी एक प्रति महानगरपालिकाको जिन्सी शाखामा र दुई पक्षले वाकी एक एक प्रति लियौं दियौं ।

**प्रस्तावना:**

फेवातालको चार वटा स्रोत नदीमा यस महानगरपालिका तथा गण्डकी प्रदेश सरकारको लगानिमा फेवातालमा जाने पाँगो तथा सिल्ट जम्मा गर्ने संरचना निर्माण गरी ताल पुरिनबाट बचाउने उद्देश्यले आर्थिक बर्ष ०७६।७७ मा बनेका चार वटा सिल्ट्रेसन ट्राप (ड्याम) मा गत वर्षको वर्षातको वाढिले क्षति पुर्‍याएको, नदीको प्रकृति अनुसार दिगो संरचना निर्माण गर्न थप ३६ करोड ८० लाख लागत लाग्ने गण्डकी प्रदेश सरकारले खटाएको टोलीले प्रतिवेदन पेश गरेको र तत्काल सो लगानीको व्यवस्थापन गर्न सकिने अवस्था नभएकोले यस कार्यमा निजी लगानिको खोजी गरिएको ।

उक्त ड्यामहरुको मर्मत संभार गर्ने सो वापत सोहि स्थानमा प्राप्त हुने निर्माण सामाग्री (दहत्तर बहत्तर) संकलन र निकासी गर्न पाउने शर्त राखि मिति २०७७/०७/०६ को सार्वजनिक निजी साझेदारी समितिको निर्णय बमोजिम २०७७/०७/०७ मा पहिलो पटक प्रस्ताव आव्हान भएको, उक्त प्रस्ताव आव्हान गर्दा पेश भएका प्रस्तावहरु प्राविधिक परिक्षणमा असफल भएको, यस विषयमा २०७७/०९/२०

फेवा सिल्टेसन प्रा.लि. Fewa Siltation Pvt. Ltd.

सार्वजनिक निजी साझेदारी समितिको निर्णय बमोजिम पुन: दोस्रो पटक प्रस्ताव आव्हान गर्दा समेत प्रस्ताव पेश गरेका कम्पनिहरु समेत सफल हुन नसकी नगर कार्यपालिकाको मिति २०७७।१२।२७ को निर्णय बमोजिम दोश्रो पटक प्रस्ताव पेश गर्ने प्रस्तावदाता पक्षसंग वार्ताबाट शर्तहरु तय गरी प्रकृया अगाडि बढाउन सार्वजनिक निजी साझेदारी समितिलाई जिम्मेवारी प्राप्त भएकोमा दुबै पक्षको वार्ता टोली बीच मिति २०७८।०१।८ र २०७८।०१।२४ मा दुई पटक वार्ता गरी तयार भएको सहमतिको खाका सानिसा समितिको २०७८/२/१ को बैठक र नगर कार्यपालिकाको २०७८/२/३ को बैठकले अनुमोदन गरेकोले सोही सहमति अनुसार यो संझौता तयार गरिएको छ ।

१.परिभाषा र व्याख्या:

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस सम्झौतामा :

(क) "अभिलेख" भन्नाले Engineering Drawing, पुरक योजना, निर्माण गरिएको रेखा चित्रण, लेखा परीक्षण, वित्तीय विवरण तथा दोस्रो पक्षले नेपाल कानुन र यस सम्झौता बमोजिम तयार गर्नुपर्ने अन्य कागजात र प्रतिवेदन समेतलाई जनाउनेछ ।

(ख) "अनुमतिपत्र" भन्नाले आयोजना कार्यान्वयन गर्नको निमित्त प्रदान गरिएको वा गरिने अनुमतिपत्र वा इजाजतपत्र भन्ने बुझिन्छ र यस शब्दले आयोजनाले प्रचलित नेपाल कानून बमोजिम अन्य निकायसँगबाट लिनुपर्ने अनुमति तथा इजाजत समेतलाई बुझाउँछ ।

(ग) "आयोजना" भन्नाले फेवा तालको चार वटा स्रोत नदीमा बनेका सिल्टेशन ट्रापहरुको मर्मत तथा नदिजन्य सामाग्री उत्खनन,संकलन,प्रशोधन र निकासी गर्ने सम्बन्धी आयोजना भन्ने बुझिन्छ ।

(घ) "अनुसूची" भन्नाले यस सम्झौतामा उल्लेखित अनुसूचीलाई सम्झनु पर्छ ।

(ङ) "आयोजना कार्यान्वयन अवधि" भन्नाले दोस्रो पक्षले यो सम्झौताको दफा २ (१) मा उल्लेख भए बमोजिमको निर्माण कार्य शुरु र सम्पन्न गर्ने अवधि समेतलाई सम्झनु पर्छ ।

(च) "आयोजना क्षेत्र" भन्नाले आयोजना संरक्षण, सम्बर्द्धन, सौन्दरीकरण, नियन्त्रण, निगरानी र उपभोग गर्ने प्रयोजनका लागि निम्न अनुसार उल्लेखित क्षेत्रलाई जनाउनेछ ।

(१)हर्पन खोलामा बनेको **Siltation Trap**

(क) महानगरपालिकाले निर्माण गरेको Siltation Trap को पुरा क्षेत्र ।

(ख) मुहानतर्फ घाटी छिनाको पूलसम्म र बाधको Launching apron बाट ककरेको झोलुङ्गे पुल, बाम्दी हुदै कात्रेको पुलसम्मको खोला क्षेत्र ।

(२) अधेरी खोला (खहरे खोला) मा बनेको **Siltation Trap**

(क) महानगरपालिकाले निर्माण गरेको Siltation Trap को पुरा क्षेत्र ।



फेवा सिल्टेसन प्रा.लि. Fewa Siltation Pvt. Ltd.

पोखरा महानगरपालिका नगर कार्यपालिकाको कार्यालय पोखरा, कास्की गण्डकी प्रदेश, नेपाल

(ख) पूर्व तर्फ कार्कीको तहराको मगर वस्ती, पश्चिम तर्फ लामपाटा (ठुला खेत) उत्तर तर्फ अन्नपूर्ण गा.पा.को सिमाना र दक्षिण तर्फ मार्से खोलासम्मको खोला क्षेत्र ।

(३)लौरुक खोला मा बनेको **Siltation Trap**

(क) महानगरपालिकाले निर्माण गरेको Siltation Trap को पुरा क्षेत्र ।

(ख) दक्षिण तर्फ हर्पन खोला सीमासम्म, उत्तर तर्फ Siltration Trap बाट १ कि.मि. माथि सम्मको खोला क्षेत्र ।

(ग) पूर्व र पश्चिममा मापदण्ड भित्रको निजी जग्गा बाहेकको क्षेत्र ।

(४) बेतेनी खोला मा बनेको **Siltation Trap**

(क) महानगरपालिकाले निर्माण गरेको Siltation Trap को पुरा क्षेत्र ।

(ख) दक्षिण तर्फ कात्रेपूल नजिकको हर्पन खोलाको दोभानसम्मको खोला क्षेत्र ।

(ग) उत्तर तर्फ Siltation Trap बाट १ कि.मी. सम्मको खोला क्षेत्र ।

(घ) पूर्व पश्चिममा निर्माण भएको Sillation Trap को क्षेत्र ।

(५) आयोजना क्षेत्रबाट नदीजन्य सामाग्री संकलन, उत्खनन तथा प्रशोधन गर्नको लागि ४ (चार) वटा सिल्टेसन ट्राप (ड्याम) क्षेत्रको साथै महानगरपालिकाले स्वीकृत गर्ने दफा ३ को उप-दफा (झ) बमोजिमको क्षेत्र समेतलाई बुझिने छ ।

(छ) "आयोजना विवरण" भन्नाले दोस्रो पक्षले आयोजना कार्यान्वयन गर्न तयार गरेको विस्तृत आयोजना विवरणमा उल्लेखित विवरणलाई बुझिन्छ ।

(ज)"उपभोक्ता" भन्नाले यस सम्झौता अर्न्तगत दोस्रो पक्षले सार्वजनिक निजी साझेदारीमा निर्माण गरेको पूर्वाधार संरचनाबाट सेवा, सुविधा उपभोग र उपयोग गर्ने व्यक्ति वा निकाय भन्ने बुझिन्छ ।

(झ) ऐन" भन्नाले प्रथम पक्षले जारी गरेको सार्वजनिक निजी साझेदारी सम्बन्धी ऐन २०७४ भन्ने बुझिन्छ,

(ञ) "काबुबाहिरको परिस्थिति" भन्नाले यस सम्झौताको दफा १४ (१) मा उल्लेख भएका व्यवस्थालाई जनाउछ

(ट) "गोप्य जानकारी" भन्नाले यस सम्झौता बमोजिम संचालित आयोजना संग सम्बन्धित कुनै तथ्य, तथ्यांक वा सूचना जसले आयोजनालाई प्रत्यक्ष वा परोक्ष रुपमा असर पार्ने विषयलाई जनाउँछ ।

(ठ) "दफा" भन्नाले यस सम्झौताका दफाहरुलाई जनाउछ र परिच्छेदको उल्लेखले सम्झौता अन्तगतको उपयुक्त परिच्छेद भन्ने बुझिन्छ ।

(ड) "प्रथम पक्ष" भन्नाले पोखरा महानगरपालिका तथा ऐन र नियम बमोजिम गठन भएका समिति र इकाइलाई समेत बुझिन्छ ।

(ढ) "दोस्रो पक्ष" भन्नाले "फेवा सिल्टेसन प्रा.लि. पोखरा- ३३ कास्की" भन्ने बुझिन्छ ।

फेवा सिल्टेसन प्रा.लि. Fewa Siltation Pvt. Ltd.

(ण) **"बौद्धिक सम्पत्ति अधिकार"** भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भएको ट्रेडमार्क, प्रतिलिपि अधिकार, प्याटेण्ट तथा डिजाइन र अध्ययन प्रतिवेदन समेतलाई जनाउने छ ।

(त) **"बीमा"** भन्नाले दोस्रो पक्षले यो सम्झौता बमोजिम गरिएको बीमा भन्ने बुझिन्छ ।

(थ) **"बैंक"** भन्नाले नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त आर्थिक कारोवार गर्ने बैंक तथा वित्तिय संस्थालाई जनाउँछ ।

(द) **"सरकारी निकाय"** भन्नाले संघ, प्रदेश, स्थानीय तह वा संवैधानिक निकाय वा सो मातहतका प्रशासनीक निकायहरुलाई जनाउँदछ ।

(ध) **"सरकारी स्वीकृति"** भन्नाले सहमति, अनुमोदन, अख्तियार, स्वीकृति, इजाजतपत्र वा कुनै सरकारी निकायको अनुमति भन्ने बुझिन्छ ।

(न) **"नियमावली"** भन्नाले सार्वजनिक निजी साझेदारी सम्बन्धी नियमावली २०७५ भन्ने बुझिन्छ ।

(प) **"नेपाल कानुन"** भन्नाले प्रचलित नेपालको संविधान, ऐन, नियम समेतलाई जनाउनेछ ।

(फ) **"प्रमाणीकरण गरिएका सामाग्री"** भन्नाले आयोजनामा प्रयोग हुने ISO/NS चिन्ह प्राप्त दोस्रो पक्षवाट खरिद गरिएको पुनःप्रमाणीकरण गरी रहन नपर्ने निर्माण सामाग्री तथा सो को प्रतिवेदन समेतलाई बुझाउछ ।

(व) **"वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन (EIA)** भन्नाले आयोजनाको कार्यान्वयनको निमित्त दोस्रो पक्षले प्रचलित कानुन बमोजिम बातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पर्ने वा नपर्ने सम्वन्धमा एकिन गर्नुका साथै त्यस्तो प्रभावलाई निराकरण वा न्यूनिकरण गर्नका लागि अवलम्वन गरिने उपायको सम्वन्धमा गरिने अध्ययन तथा मूल्यांकन प्रतिवेदन समेतलाई बुझिन्छ ।

(भ) **प्रारम्भिक बातावरणीय परीक्षण (IEE)** भन्नाले प्रचलित कानुन वमोजिम गरीने बातावरणीय अध्ययन र स्वीकृति प्राप्त भएका प्रतिवेदनलाई बुझाउनने छ ।

(म) **निर्माण कार्य"** भन्नाले कुनै संरचना वा कुनै कुराको निर्माण गर्ने, पुनः निर्माण गर्ने, भत्काउने, मर्मत सम्भार गर्ने वा जिर्णोद्धार गर्ने कार्यसँग सम्बन्धित निर्माण स्थल तयार गर्ने, ठुला मेशिन प्रयोग गरी वा नगरी खन्ने, ठड्याउने, बनाउने, उपकरण वा मालसामान जडान गर्ने, सजाउने आदि जस्ता कार्य सम्झनु पर्छ र सो शव्दले नक्शा बनाउने, प्रयोगशाला परीक्षण गर्ने जस्ता निर्माण कार्यसँग सम्बन्धित अन्य कार्य समेतलाई बुझाउछ ।

(य) **आयोजना संचालन मिति"** भन्नाले यस आयोजना कार्यन्वयनका लागि दुबै पक्षहरुले सम्झौतामा हस्ताक्षर गरेको मितिलाई जनाउँछ ।

(र) **"विवाद"** भन्नाले यस सम्झौताको अस्तित्व, व्याख्या, वैधानिकता, वैधता र कार्यान्वयन सम्बन्धमा उठेका कुनै विवाद वा मतभेद, कुनै पक्षको दायित्व अन्तर्गतको विवाद भन्ने बुझिन्छ ।

(ल) **"विवाद समाधान"** भन्नाले सम्झौताको दफा १९ बमोजिम विवाद समाधान गरिने प्रकृयालाई जनाउँछ ।

(व) **"विस्तृत परियोजना प्रतिवेदन"** (Detail Project Report (DPR) भन्नाले आयोजना सम्झौता भएपछि दोस्रो पक्षले सम्पन्न गर्ने अध्ययनबाट तयार भएको र प्रथम पक्षले स्वीकार गरेको Detail Engineering Design and Costing लाई जनाउनेछ ।

(स) **"विज्ञ"** भन्नाले आयोजनासंग सम्बन्धित राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा सहयोग लिइएका व्यक्ति वा सस्थाका मान्यता प्राप्त विशेषज्ञलाई जनाउछ ।

(ष) **"व्यक्ति"** भन्नाले प्राकृतिक वा संगठित संस्था वा सो वमोजिम सम्वन्धित पक्षले तोकेको वारेस वा प्रतिनिधि समेतलाई जनाउछ ।

(श) **"शुल्क वा सेवा शुल्क"** भन्नाले दोस्रो पक्षले सेवा सुविधा उपलब्ध गराए बापत उपभोक्तासँग लिने शुल्कलाई जनाउछ ।

(ह) **"समिति" वा "सानिसा समिति"** भन्नाले पोखरा महानगरपालिकाबाट जारी गरिएको सानिसा ऐनको दफा १० बमोजिम गठन भएको समितिलाई जनाउछ ।

(क्ष) **"सम्बन्धित सरकारी निकाय"** भन्नाले नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तह वा मातहतका सार्वजनिक निकाय र आयोजना कार्यान्वयन तथा सहजिकरण गर्ने बोर्ड वा समिति समेतलाई जनाउछ ।

(त्र) **"सानिसा इकाई"** भन्नाले ऐनको दफा ११ बमोजिम गठन भएको इकाईलाई जनाउँछ ।

(ज्ञ) **"सम्झौता"** भन्नाले पक्षहरु बीच आयोजना संचालन गर्ने उद्देश्यले तयार गरिएको यस सम्झौता तथा यसमा उल्लेख गरिएका शर्त बमोजिम समय समयमा गरिने संशोधन, परिमार्जन, पुरक सम्झौता समेतलाई जनाउँछ ।

(ज्ञ१) **"सम्झौता लागू भएको मिति"** भन्नाले दोश्रो पक्षले आयोजना क्षेत्र प्रयोग गर्न पाउने गरी दुवै पक्षवाट सम्झौतामा हस्ताक्षर भई ईजाजत पत्र जारी भएको मितिलाई जनाउछ ।

(ज्ञ२) **"तोकिए वा तोकिए बमोजिमको"** भन्नाले यो सम्झौता अर्न्तगत पक्षहरुको आपसी सहमतिमा आयोजनासँग सम्बन्धित लिखत, सिफारिस, पत्राचार, लगायतका कागजातमा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

(ज३) **"प्रमुख संरचना"** भन्नाले आयोजना क्षेत्रमा निर्माण भएका र मर्मत हुने ड्याम, विङवाल र संरक्षणका लागि लगाइएका ग्यावीन वाल समेतलाई जनाउछ।

(ज४) **"दहत्तरबहत्तर"** भन्नाले आयोजना क्षेत्रमा खोलाहरुले बगाई ल्याएका नदिजन्य सामाग्री वा वहान क्षेत्रमा बगि आएका अन्य चिजबस्तुहरुलाई जनाउछ । तर यस शब्दले स्थानीयवासीले पालेको दोपाया/चौपायालाई जनाएको मानिने छैन।

**२.आयोजनाको समयावधि तथा निर्माण कार्य:**

**सम्झौता बमोजिम निमार्ण कार्य गर्ने चरणवद्ध अवधि देहाय बमोजिम हुनेछ।**

(क) सम्झौतामा हस्ताक्षर भएको मितिले पन्ध्र दिन भित्र प्रथम पक्षले दोस्रो पक्षलाई आयोजना क्षेत्र उपलब्ध गराउनु पर्नेछ । उक्त कार्य प्रथम पक्षको नेतृत्वमा दोस्रो पक्षको पनि प्रतिनिधिहरु रहेको संयुक्त कार्यदल खटाई गरिनेछ।

(ख) प्रथम पक्षले आयोजना क्षेत्र उपलब्ध गराएको (क) अधेंरी खोला समेत भनिने, खहरे खोला, (ख) हर्पन खोला, (ग) वेतयनी खोला तथा (घ) लौरुक खोलामा निर्माण भएको सिल्टेशन ड्याम क्षेत्रको रेखदेख तथा सामान्य मर्मत संभार एवं वर्षातको समयमा ड्याममा क्षति पुग्न नदिन आवश्यक मर्मत कार्यहरु तत्काल शुरु गर्नुपर्नेछ।

(ग) सिल्टेशन ड्यामहरुको मर्मत संभार र थप निर्माण कार्यको कार्यन्वयन अनुसुची २ बमोजिम सम्पन्न गर्नुपर्नेछ । तर तोकिएको कार्यहरु तोकिएको समय भन्दा पहिले नै सम्पन्न गर्न संभौतामा लेखिएका प्रावधानले बाधा पार्नेछैन।

(घ) आयोजना क्षेत्रमा अनुसूची २ बमोजिमको तालिका अनुसार मर्मत संभार तथा थप निर्माण कार्य दोस्रो पक्षले संभौता भएको मितिले ५ (पाँच) वर्ष भित्र सम्पन्न गर्नुपर्नेछ।

(ङ) आयोजनाको निर्माण कार्यको प्रगति दोश्रो पक्षले प्रत्येक ३ (तीन) महिनामा पेश गर्नु पर्ने छ। DPR बमोजिम सम्पन्न भएको निर्माण कार्यको प्रथम पक्षले प्राविधिक जाँचबुझ गरी अध्यावधिक गरी राख्नु पर्नेछ।

(च) दोश्रो पक्षले सम्पन्न गरेको निर्माण कार्यको मूल्याङ्कन आ.व.२०७७/०७८ को दररेट र कार्य सम्पादन गरेको आ.व.का लागि स्वीकृत दररेटका आधारमा तुलनात्मक चार्ट तयार गरी राख्नु पर्नेछ। अध्यावधिक दररेट बमोजिम गरिएको मूल्याङ्कन वार्ता गर्ने प्रयोजनका लागि प्रयोग गरिने छैन तर क्षतिपूर्ति गणना गर्दा प्रयोग गरिने छ।

## ३. आयोजना कार्यन्वयनका लागि प्रथम पक्षले गरिदिनुर्पे कामको विवरण:

दफा (२) बमोजिम दोस्रो पक्षको दायित्व पुरा गर्नका लागि, वा आयोजना कार्यान्वय गर्ने वातावरण तयार गर्न आवश्यक पर्ने देहायका कार्यहरु प्रथम पक्षले गर्नुपर्नेछ ।

(क) दोस्रो पक्षबाट माग भएको अवस्थामा आयोजना संचालनका लागि इजाजत, स्विकृति, अनुमति दिने र बाटो, बिजुली, खानेपानी तथा अन्य आवश्यक पुर्वाधारहरुको सुविधाका लागि स्वीकृत वा सिफारिस दिनेछ ।

(ख) आयोजना संचालनको लागि प्रथम पक्षबाट यस संझौतामा उल्लेखित निर्माण तथा मर्मतका कार्यहरु गर्नको लागि संझौता मितिबाट लागू हुने गरी २ बर्षको म्याद भएको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयार गरी (IEE) स्वीकृत गर्नेछ ।

(ग) सामाग्री प्रशोधन गर्ने प्रयोजनको लागि अधिकार प्राप्त निकायबाट प्रशोधन प्लान्ट वा संकलित सामाग्री फुटाई प्रशोधन गर्ने वा सो भन्दा उन्नत प्रविधिको इजाजत लिने गरी EIA प्रतिवेदन बमोजिम उपयुक्त देखिएमा परियोजना अवधि भरका लागि प्रचलित कानून बमोजिम स्वीकृत वा सिफारीस गरिदिनेछ ।

(घ) कम्पनिले प्रस्ताव गरेको जग्गामा बालुवा, गिटी र ढुङ्गा प्रशोधनका लागि प्रशोधन प्लान्ट राख्ने समग्र विषय समेटिएको EIA रिपोर्ट प्रथम पक्षलाई पेश गरेको मितिले ३० (तिस) दिन भित्र स्वीकृत वा सिफारीस गरिदिनु पर्नेछ ।

(ङ) दोश्रो पक्षले नदीजन्य सामाग्री उत्खनन्, सकंलन र प्रशोधन गरी निकासी गर्नका लागि महानगरपालिकालाई प्राप्त अधिकारको अधिनमा रही प्रशोधनको स्वीकृति (हालको लागि वालुवा स्कृनिङ्ग तथा प्रशोधनको अनुमति) प्रदान गर्ने । भविष्यमा क्रसर सम्बन्धी मापदण्ड परिमार्जन भएमा, महानगरपालिकाले उक्त अनुमति प्रदान गर्ने अधिकार प्राप्त गरेमा वा वातावरण प्रभाव मूल्याङ्कन प्रतिवेदनले संभव देखाएमा स्वीकृति वा सम्वन्धित निकायमा सिफारिश गरिदिनेछ । साथै दोश्रो पक्षले प्रचलित कानुनको प्रकृया पुरा गरि आर एम सि र अस्फाल्ट प्लान्ट राख्न सक्नेछ ।

(च) प्रस्तुत आयोजनालाई प्रदेशको गौरवको आयोजना घोषणा गर्न प्रथम पक्षले आवश्यक सिफारिस गर्नेछ ।

(छ) बातावरण प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार भएको, तर सम्बन्धित निकायबाट स्वीकृत भै नसकेको अवस्थामा वढिमा थप २ (दुई) बर्षको लागि प्रथम पक्षले प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयार गरी सम्झौता बमोजिमको कामलाई निरन्तरता दिन आवश्यक सहयोग गर्ने छ ।

(ज) नदीजन्य निर्माण सामाग्री प्रशोधनको लागि वातावरण प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदनले प्रस्ताव गरेको सीमा र मापदण्डमा आधारित भई प्रचलित कानुन वमोजिम महानगरपालिकालाई अधिकार भएको विषयमा स्वाकृति प्रदान गर्ने तथा प्रदेश तथा संघ सरकारको अधिकार क्षेत्रको विषयमा सम्वन्धित निकायमा सिफारिस गरिदिनेछ ।

(झ) यस संझौता भएको ४ महिना भित्र फेवा सिल्टेशन प्रा.लि.ले आयोजना मर्मत संभारको विस्तृत इन्जिनियरिङ डिजाइन (DPR) पेश गर्नेछ र उक्त डिजाइन सानिसा समितिले आवश्यकता अनुसार प्राविधिक-विशेषज्ञहरुको राय लिई १ (एक) महिना भित्र स्वीकृत गर्नुपर्ने छ ।

(ञ) आयोजनाको मुख्य उद्देश्य फेवाताल संरक्षण गर्ने रहेकोले हाल निर्माण भैसकेको बाँध संरक्षणका अतिरिक्त सो बाँधहरुको (तल्लो क्षेत्रमा आयोजना क्षेत्र भित्र) दोश्रो पक्षले विस्तृत इन्जिनियरिङ डिजाइन तयार गर्दा थप अन्य बाँध वा संरचना निर्माण गर्न आवश्यक देखेमा सो निर्माण गर्न विस्तृत इन्जिनियरिङ डिजांइन पेश गरे अनुसार प्रथम पक्षले स्वीकृत गरी निर्माण कार्य गर्न सहजिकरण गरिदिनेछ । यसवाट आयोजना लागत वढ्न गएमा दोश्रो पक्षको दायित्व मानिने छ । साथै यो लागत वार्ताको विषय हुने छैन ।

(ट) आयोजना स्थलमा स्थानीयवाट विवाद भई कार्य संचालन गर्न अवरोध भएमा तत्काल विवाद समाधान गर्न प्रथम पक्षले सहजिकरण गर्नेछ । सो विवाद समाधानका लागि दोश्रो पक्षले समेत पर्याप्त प्रयास गर्नुपर्नेछ । साथै हाल ड्याम निर्माण भै सकेको क्षेत्रमा व्यक्तिगत जग्गा परेको भनी प्राप्त भएको निवेदनको अन्तिम निकास गर्ने तर्फ कारवाही गर्ने दायित्व प्रथम पक्षको हुनेछ ।

**४.आयोजना कार्यन्वयनका लागि दोस्रो पक्षले गर्ने कामको विवरण:**

आजोजना क्षेत्रमा दोश्रो पक्षले देहाय बमोजिम कार्य गर्ने/गर्न सक्नेछ ।

(१) निजी लगानीमा संझौता पत्रको दफा १(च)मा लेखिएको आयोजना क्षेत्रमा रहेको उक्त चारवटा ड्यामको मर्मत तथा थप निर्माण गरी, आयोजना अवधि भर त्यसको रेखदेख तथा मर्मत संभार समेत गर्ने शर्तमा आयोजना क्षेत्रमा दोस्रो पक्षले यस दफा बमोजिमको कार्य गरी सम्झौताको अवधिभर निर्माण सामाग्रीको व्यवसाय सञ्चालन गर्नेछ ।

(२) यस संझौताको अधिनमा रही आयोजना क्षेत्रमा संकलित सामाग्रीवाट दोस्रो पक्षले निर्माण सामाग्रीको व्यवसाय सञ्चालन गर्न सक्नेछ ।

(३) प्रशोधनबाट निर्माण कार्यमा प्रयोग गर्न नसकिने सामाग्री (Dumping Material) को अन्तिम विसर्जन गर्दा फेवा तालमा वा तालको स्रोतनदीमा पुनः वगेर जाने वा जान सक्ने गरी विसर्जन गर्न पाइने छैन । उक्त कुराको सुनिश्चितता फेवा सिल्टेशन प्रा.लि. ले गर्नु पर्नेछ ।

(४) यस सम्झौता बमोजिम तयार गरिने वातावरणीय प्रभाव मूल्यांकन तथा विस्तृत परियोजना प्रतिवेदन विवरणको आधारमा उपदफा (१) मा उल्लेखित आयोजना विवरणमा फेरवदल गर्न आवश्यक देखिएमा प्रस्तावनाको उद्देश्य विपरित नहुने गरी दोस्रो पक्षको अनुरोधमा प्रथम पक्षले फेरवदलको अनुमति दिन सक्नेछ र प्रथम पक्षले दोश्रो पक्षको स्वीकृत वेगर उल्लेखित प्रतिवेदनको विवरणमा फेरवदल गर्न सक्नेछैन ।

(५) गण्डकी प्रदेश सरकारबाट परिचालित परामर्शदाताले उक्त आयोजनाको पूर्व संभाव्यता अध्ययन गरेको देखिएकोले उक्त प्रतिवेदनको प्राविधिक पक्ष यस संझौताको अंग मानिनेछ । आयोजना कार्यन्वयन गर्ने क्रममा विस्तृत इन्जिनियरिङ डिजाइन तयार गर्दा प्राविधिक पुष्ट्याई सहित आयोजनाको डिजाइन समेत परिमार्जन गर्न दोश्रो पक्षले पहिलो पक्ष समक्ष अनुरोध गर्न सक्नेछ । नयाँ डिजाईन अनुसारको लागत अनुमान आर्थिक वर्ष २०७७/०७८ को दररेटमा नै तयार गर्नु पर्ने र सो लागत अनुमानमा हाल प्रस्तावित लागत अनुमान (३६ करोड ८० लाख) को १५ प्रतिशत भन्दा कम वा वढी लागत अनुमान कायम हुन आएमा पुनः एक पटक वार्ता गरी रोयल्टी रकम सम्वन्धमा थप निर्णय लिईने छ । तर कूल लागतको १५% सम्म घटिवढि भएमा पुनः वार्ता गर्नुपर्नेछैन ।

(६) आयोजना क्षेत्रमा भएको खोलामा पहिरोले बगाइ ल्याएको काठ, दाउरा, दहत्तर बहत्तर दोश्रो पक्षले व्यवस्थापन गर्नेछ ।

(७) महानगरपालिकाले सम्पन्न गरेको IEE को म्याद दुई वर्ष भएकाले सो अवधी भित्र नै दोश्रो पक्षले आयोजना आवधिको बातावरण प्रभाव मूल्यांकंन (EIA) सम्पन्न गर्ने छ ।

(८) दोश्रो पक्षले गर्ने बातावरण प्रभाव मूल्याङ्कनमा आयोजना क्षेत्रमा गरिने निर्माण समाग्री संकलन र नदी नियन्त्रणका गतिविधिको अलवा आफूले व्यवस्था गरेको जमिनमा सामाग्री भण्डारण, प्रशोधन लगायतका क्रियाकलाप (Asphalt plant, RMC, जस्ता सामाग्रीमा Value Add गर्ने क्रियाकलाप) समेत समावेश गरी अध्ययन गर्न गराउन सक्ने छ ।

फेवा सिल्टेसन प्रा.लि. Fewa Siltation Pvt. Ltd.

(९) उप दफा ७ र ८ बमोजिम EIA सम्पन्न नभए सम्म यस सम्झौता बमोजिम सामाग्री प्रशोधनको लागि प्रारंभिक वातावरणीय अध्ययन IEE गरी प्रस्तावित जमिनमा सम्झौता बमोजिमको प्रशोधन गर्न सकिनेछ । उक्त IEE कानून बमोजिम पहिलो पक्षले स्वीकृत गर्नेछ ।

(१०) समाग्री प्रशोधनको वातावरणीय अध्ययन दोश्रो पक्षले सम्पन्न् नगरेसम्म नदी जन्य सामाग्री पहिलो पक्षले गरेको IEE बमोजिम संकलन र निकासी मात्र गर्न पाइनेछ । पहिलो पक्षले यो सम्झौता बमोजिम थप दुई वर्षको लागि IEE गरी दिन वा स्वीकृत IEE को म्याद थप गर्न सक्ने छ ।

(११) सामाग्री भण्डारण र प्रशोधन गर्ने जमीनको प्रबन्ध दोश्रो पक्षले स्वंयम् गर्नेछ ।

(१२) पहिलो पक्षले सम्पन्न गरेको IEE का आधारमा सो अवधि सम्म नदीमा हेभि मेशिन, प्रयोग गरि समाग्री संकलन तथा निकासी गर्न तथा ड्यामहरुको मर्मत र संरक्षण गर्न सकिने छ । ड्यामहरुको मर्मतको लागि चाहिने निर्माण समाग्री प्रशोधन गर्न निर्माण अवधिमा प्रशोधन मेशिनहरु अस्थायी रुपमा प्रयोग गर्न सकिनेछ ।

५. **आयोजना अवधि:**

(१) यो सम्झौता अन्तर्गत आयोजनाको अवधि सम्झौता भएको मितिबाट २४ (चौबिस) वर्षसम्म वहाल रहनेछ । काबुबाहिरको परिस्थिति आएमा दफा १५ को हकमा सोही बमोजिम हुनेछ ।

(२) यो सम्झौता दफा १६ मा उल्लेख गरे बमोजिम पक्षहरुले रद्द गर्न सक्नेछन् । तर सम्झौता रद्द गर्नु पूर्व सुनुवाईको अवसर दिनुपर्नेछ ।

६. **अन्य व्यक्तिलाई अनुमतिपत्र नदिइने:**

ऐनको दफा ३४ बमोजिम आयोजनालाई प्रतिकुल असर पर्ने गरी दफा १(च) बमोजिमको आयोजना क्षेत्रमा अन्य व्यक्ति, कम्पनि र संस्थाहरुलाई यस्तै प्रकारको कार्य गर्न प्रथम पक्षले अनुमतिपत्र दिनेछैन ।

७. **दोस्रो पक्षले पाउने सुविधा तथा सहुलियत:**

(१) ऐनको परिच्छेद ८ को अधिनमा रहि दोस्रो पक्षलाई प्रथम पक्षले दिनु पर्ने अधिकार र सुविधा प्रदान गर्नुपर्नेछ ।

(२) दोस्रो पक्षलाई आयोजनाको कार्यान्वयनको लागि आवश्यक पर्ने सेवा सुविधा उपलब्ध गराउन प्रथम पक्षले आवश्यक सहयोग र सिफारिस गर्नेछ ।

(३) आयोजना कार्यान्वयनको अवधिमा दोस्रो पक्षले आयोजना क्षेत्र (Project Site) को सहज पहुँच उपयोगको सुविधा प्राप्त गर्नेछ ।

(४) प्रथम पक्षले आयोजना क्षेत्रसँग जोडिएको आवश्यक थप सार्वजनिक जग्गाको पहुँचको लागि समन्वय र सिफारिस गरिदिनुपर्नेछ ।

(५) आयोजना अवधि भरि दोस्रो पक्षले प्राप्त गरेको आयोजना स्थलमा प्रवेश गर्ने, आयोजना कार्यान्वयन गर्ने र व्यवसाय संचालन गर्ने हक सुरक्षित रहनेछ ।

(६) प्रथम पक्षले आयोजना अवधि भर दोस्रो पक्ष तथा यसका निर्माण व्यवसायीलाई यो सम्झौता अनुसारको कार्य गर्ने अधिकार प्रदान गर्नेछ ।

(७) दोस्रो पक्षले आयोजनाबाट निर्माण सामाग्री तयार गरी विक्री गर्नेछ । शुल्क संकलन गर्दा पहिलो पक्षले लगाएको एवं प्रचलित कानून बमोजिम लाग्ने कर, दस्तुर तथा शुल्क थप गरी उठाउनेछ र पहिलो पक्ष तथा सम्वन्धित निकायमा समयमा नै जम्मा गर्नेछ ।

(८) आयोजना कार्यान्वयनको तयारीको क्रममा कुनै प्रकारको अध्ययन तथा परिक्षण गर्नुपर्ने भएमा दोस्रो पक्षले प्रकृया पुरा गरी काम गर्नु पर्नेछ ।

(९) आयोजना कार्यान्वयन गर्ने सिलसिलामा प्रथम पक्षले दोस्रो पक्षलाई उपलब्ध गराउनुपर्ने सहयोग, दिनुपर्ने स्वीकृति यस सम्झौतामा उल्लेखित तरिका र अवधिभित्र गरि दिनुपर्ने वा उपलब्ध गराउनु पर्नेछ ।

(१०) प्रथम पक्षले व्यवस्था गरेको फोहोरमैला व्यवस्थापनको प्रणाली, साधन एवं प्रविधिको आवश्यक शुल्क तिरी दोस्रो पक्षले प्रयोग गर्न सक्नेछ । उक्त प्रणाली अपुग भएमा दोस्रो पक्षले फोहोरमैला आफै व्यवस्थापन गर्नुपर्नेछ र आफै व्यवस्थापन गर्न प्रथम पक्षले अनुमति दिनेछ ।

(११) आयोजना निर्माण तथा संचालनका लागि आवश्यक पर्ने अन्य सुविधा सहुलियतहरु अन्य सरकारी निकायबाट प्राप्त गर्नका लागि प्रथम पक्षले आवश्यक सहयोग तथा सिफरिस प्रदान गर्नेछ ।

(१२) आयोजना निर्माण तथा मर्मतको अवधिमा समेत यस संझौता बमोजिम दोस्रो पक्षले सामाग्री उत्खनन्, संकलन तथा प्रशोधन गर्न सक्नेछ । सो को लागि वालुवा प्रसोधन गर्ने उद्योगको अनुमति दर्ता नियमन सम्बन्धी ढुङगा, गिट्टी, बालुवा, उत्खनन, बिकी तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ को दफा ११ को (१०) बमोजिम स्वीकृति दिइनेछ । यस उपदफाको प्रयोजनको लागि प्रशोधन भन्नाले मेशिनको प्रयोग गरी वालुवा छान्ने,वनाउने तथा खस्रो-मसिनो ग्रावेल छुट्टाउने कार्यलाई जनाउने छ ।

(१३) हाल स्वीकृत IEE प्रतिवेदनले अनुमति दिएको सीमामा रहि सो अवधि सम्म संझौता बमोजिम ड्याम क्षेत्रमा निर्माण सामाग्री संकलन गर्न जनशक्ति, मेशिन तथा उपकरणहरुको प्रयोग गर्न सक्ने छ ।

८. **आयोजना सञ्चालन र मर्मत :**

(१) दोस्रो पक्षले यस सम्झौता बमोजिम आयोजनाको सञ्चालन तथा मर्मत गर्नुपर्नेछ ।

(२) आयोजना संचालनका लागि निर्माण भएको संरचनामा दोस्रो पक्षले आवश्यकता अनुसार मर्मत सम्भार र पुनर्निर्माण गर्न सक्नेछ ।

(३) दोस्रो पक्षले असल उद्योग अभ्यास र सञ्चालन तथा मर्मतको आवश्यकता बमोजिम आयोजनाको सुरक्षा, कुशल सञ्चालन तथा मर्मतका लागि आवश्यक मर्मत तालिका, कार्यविधि र मार्गदर्शन तयार गर्नेछ ।

(४) दोस्रो पक्षले आवश्यकता अनुसार असल उद्योग अभ्यास बमोजिम त्यस्तो मर्मत योजना र मर्मत मार्ग दर्शनलाई समय समयमा अद्यावधिक गर्नेछ ।

(५) आयोजना हस्तान्तरण गर्दा यस संझौताको दफा १२ बमोजिम हुनेछ ।

(६) आयोजना मर्मतको क्रममा वा मर्मत पूर्व कुनै प्रकोप जन्य कारणले ड्याममा क्षति भै त्यसको पुनः निर्माण गर्दा साविकको डिजाई भन्दा फरक गरी पुनः निर्माण गर्नु उपयूक्त हुने भनि दोश्रो पक्षले अनुरोध गरेमा प्रथमपक्षले प्राविधिक प्रतिवेदन लिई नयाँ डिजाईमा पुनः निर्माण गर्ने अनुमति दिनेछ । तर पुनः निर्माण लागत शुरुलागत भन्दा वढी हुन गएमा सो लागत दोश्रो पक्षले नै व्यहोर्ने छ ।

९. **आयोजना कार्यान्वयनको चरणवद्ध विवरण र कार्यान्वयन तालिका :**

(१) आयोजनाको मर्मत तथा निर्माण कार्यको कार्यान्यन कार्य तालिका अनुसुची २ बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम तालिकाको व्यवस्थाले दफा २ (१) मा उल्लेख गरिएको व्यवस्थालाई असर नपर्ने गरी प्रथम पक्षलाई जानकारी दिई दोस्रो पक्षले तालिका मा सामान्य संशोधन वा अद्यावधिक गर्न सक्नेछ ।

१०. **आयोजनाको प्राविधिक गुणस्तर तथा स्टाण्डर्ड:**

(१) आयोजनाको निर्माण गर्दा हुनुपर्ने प्राविधिक गुणस्तर तथा स्टाण्डर्ड गण्डकी प्रदेशले गरेको अध्ययन प्रतिवेदन, दोश्रो पक्षले गर्ने विस्तृत इन्जिनियरिङ डिजाइन (Detail Engineering Design) तथा EIA/ IEE प्रतिवेदन बमोजिम हुनेछ । प्रथम पक्षले आयोजनाको गुणस्तर अनुगमन तथा जाँच गरी तोकिएको गुणस्तर बमोजिम कार्य नभएको पाइएमा प्रथम पक्षले दिएको निर्देशन बमोजिम सुधार गर्नु पर्ने दायित्व दोस्रो पक्षको हुनेछ ।

(२) दोस्रो पक्षले आयोजनामा प्रयोग हुने निर्माण सामाग्रीको गुणस्तर परीक्षण गरी त्यसको नतिजा प्रथम पक्षलाई उपलब्ध गराउनु पर्नेछ ।

११. **दोस्रो पक्षले आयोजना संचालन गर्ने अधिकारः**

यस सम्झौताको शर्तको अधिनमा रही दोस्रो पक्षले आयोजनाको संचालन आफ्नै श्रोत, साधन, लागत र जोखिममा गर्नेछ ।

१२. **आयोजना हस्तान्तरणः**

(१) हस्तान्तरण गरिनुपूर्व आयोजनाको मर्मत संभार गर्नुपर्नेछ । मर्मत संभारको आवश्यकता पहिचानको लागि २२ औं बर्षमा दुवै पक्षबाट ५ (पाँच) जनाको कार्यदल गठन गरिनेछ ।

(२) प्रथम पक्षलाई आयोजना हस्तान्तरण गर्दा आयोजना हस्तान्तरण गर्ने मितिले एक वर्ष अगाडि देखि उपदफा (१) बमोजिमको कार्यदल खटाउनेछ र दोस्रो पक्षले आवश्यक सीप हस्तान्तरणको वातावरण तयार गर्नुपर्नेछ ।

(३) आयोजनाको सम्पूर्ण अवधिको सम्पूर्ण संरचनाको विमा गर्नुपर्नेछ । आयोजना हस्तान्तरणको क्रममा आयोजनाको हालको अवस्था नविग्रने गरी हस्तान्तरण गर्नुपर्ने तथा सो प्रयोजनको लागि मर्मत संभारको बैंक जमानत २२ औं वर्षको अन्तिम त्रैमासिकमा दिनु पर्नेछ । त्यस्तो बैंक जमानत २१ औं र २२ औं बर्षको रोयल्टीको औषतको ५० प्रतिशत रकम भन्दा कम नहुने गरी कायम गरिनेछ ।

(४) आयोजना हस्तान्तरण हुँदा त्यस्तो आयोजनामा निर्मित ड्यामसँग सम्वन्धित संरचना चालु अवस्थामा पहिलो पक्षलाई हस्तान्तरण गरिनुपर्नेछ । यस उपदफामा जुन सुकै कुरा उल्लेख भएको भएता पनि ड्यामहरुबाट निर्माण सामाग्री उत्खनन्, संकलन, प्रसोधन र ढुवानी गर्ने प्रयोजनको लागि प्रयोग गरिएका साधन हस्तान्तरण गर्नुपर्ने छैन । यसै गरी दोस्रो पक्षले आफ्नै लगानीमा स्थोपना गरेको प्रशोधन इकाईहरु समेत हस्तान्तरण गर्नुपर्ने छैन ।

१३. **पक्षहरुको अधिकार, कर्तव्य र दायित्व :**

(१) प्रथम पक्षको अधिकार, कर्तव्य र दायित्व :

(क) दोस्रो पक्षले सम्झौता तथा ऐन र प्रचलित कानून बमोजिम प्राप्त गर्ने सुविधा तथा सहुलियतहरु एवं यस सम्झौतामा उल्लेख भएको आयोजना क्षेत्र निर्वाध रुपमा प्रयोग गर्न पाउने गरी प्रथम पक्षले प्रदान गर्नु पर्नेछ ।

(ख) आयोजना कार्यान्वयनको सिलसिलामा कुनै पनि समस्या आईपरेको बखत दोस्रो पक्षको अनुरोधमा प्रथम पक्षले आयोजना कार्यान्वयन गर्न सहजकर्ताको भूमिका निर्वाह गर्नु पर्नेछ ।

(ग) यो सम्झौता बमोजिम प्रथम पक्षले दोस्रो पक्षलाई उपलब्ध गराउने सेवा सुविधा बाहेक दोस्रो पक्षले प्राप्त गर्न सक्ने अन्य थप सेवा, सुविधा तथा सहुलियतका लागि सम्वन्धित सरकारी निकायसंग समन्वय र सिफारिश गरिदिनेछ ।

(घ) प्रथम पक्षले आयोजना तथा आयोजना क्षेत्र कुनै पनि रुपमा अधिग्रहण वा राष्ट्रियकरण वा यस आयोजनाको पुरै वा आंशिक सम्पत्ति वा आयोजनाको अधिकार वा दोस्रो पक्षको शेयरधनीहरुको हितलाई प्रभाव पर्ने गरी कब्जा वा जफत गर्नेछैन । दोश्रो पक्षले लगानी गरेको क्षेत्रमा कानून बमोजिम अधिकरण गर्दा सोही कानूनको रित पुर्‍याई प्रथम पक्षले मुआब्जा उपलब्ध गराउनुपर्नेछ ।

(ङ) दोस्रो पक्षलाई प्रचलित कानुन बमोजिम प्राप्त हुने वित्तिय प्रोत्साहन उपलब्ध गराउन आवश्यक समन्वय र सहयोग गर्नेछ ।

(च) दोस्रो पक्षले आयोजना कार्यान्वयन गर्न गरेको लगानीलाई संरक्षण र सुरक्षा प्रदान गर्न प्रथम पक्षले निम्न विषयको सुनिश्चितता प्रदान गर्नेछ ।

(१) यस सम्झौता वा अनुमतिपत्र बहाल रहेको अवधिभर सम्झौताको व्यवस्थालाई प्रतिकुल असर हुने गरी प्रथम पक्षले कुनै कानुनी, प्रशासनीक वा नीतिगत व्यवस्था गरेमा सो व्यवस्थाले राजनितिक वा प्रशासनिक संरचनामा भएको कुनै फेरबदल यस सम्झौतापत्र, अनुमतिपत्र वा इजाजतपत्र बहाल रहेको अवधिभर यस आयोजनाको हकमा लागु हुने छैन ।

(२) यस सम्झौता अन्तर्गतको आयोजनालाई अन्य स्वदेशी उद्योग सरह कानुनको समान संरक्षणको हक प्राप्त गर्नेछ ।

फेवा सिल्टेशन प्रा.लि. * Fewa Siltation Pvt. Ltd.

(ज) आयोजना संचालनको लागि दोश्रो पक्षले आफ्नै खर्चमा निजी जग्गा प्राप्त गर्न सक्ने छ। सो को लागि प्रथम पक्षको सकारात्मक सहयोग रहनेछ।

(झ) आयोजनाको लागि आवश्यक पुर्वाधार संरचना निर्माण, पुर्निर्माण, मर्मत सम्भार लगायतका कार्यमा सहजिकरण गर्नेछ।

(ञ) यस सम्झौता वहाल अवधि भर आयोजनालाई निरन्तरताका लागि आवश्यक सहयोग गर्नु प्रथम पक्षको दायित्व हुनेछ।

(ट) आयोजनासँग जोडिएको क्षेत्रमा कुनै पनि व्यक्ति वा निकायलाई यस सम्झौता वमोजिमको आयोजनामा असर पर्ने गरी सम्झौता गर्दा दोस्रो पक्षसंग परामर्श लिनु पर्नेछ।

(ठ) यस सम्झौता बमोजिम दोस्रो पक्षले आफ्नो अधिकार प्रयोग गर्ने क्रममा सरकारी निकायले कुनै कानून, नीति नियम, निर्णयमा भएको परिवर्तन, हस्तक्षेप, वाधा अवरोधका कारणले कुनै नकारात्मक असर पर्ने भएमा उक्त बाधा अवरोध निराकरण गर्न प्रथम पक्षले आवश्यक सहयोग गर्नुपर्नेछ।

**२. दोस्रो पक्षको अधिकार, कर्तव्य र दायित्व :**

(क) दोस्रो पक्षलाई यस सम्झौताको अधिनमा रही आयोजनाको विकास, कार्यान्वयन, संचालन, व्यवस्थापन र विस्तार गर्ने अधिकार हुनेछ।

(ख) वातावरणीय प्रभाव मुल्यांकन प्रतिवेदन तयार भए पश्चात दोस्रो पक्षको आवश्यकता अनुसार यो सम्झौताको केही प्रावधानहरुमा फेरबदल गर्न माग गरेमा पक्षहरुको सहमतिमा गर्न सकिनेछ।

(ग) दोस्रो पक्षले आयोजना अवधिभर आयोजनाको विकास, कार्यान्वयन, संचालन र व्यवस्थापन गर्दा नेपालको प्रचलित कानुन बमोजिम गर्नुपर्नेछ।

(घ) दोस्रो पक्षले आयोजना अवधिभर आयोजनाको सम्बन्धमा देहायको व्यवस्था पालना गर्ने छ।

(१) राष्ट्रिय तथा स्थानीय स्रोतहरुको अधिकतम उपयोग गर्ने, प्राविधिक र व्यवसायिक रुपमा योग्य र दक्ष नेपाली नागरिकलाई उचित अवसर प्रदान गर्नुपर्नेछ। यसरी अवसर प्रदान गर्दा स्थानीय समुदायलाई प्राथमिकता प्रदान गरिनेछ।

(२) आयोजनासंग सरोकार राख्ने कामदार तथा कर्मचारीको हकहितका सम्वन्धमा व्यवस्थित प्रचलित कानुनको पालना गर्नुपर्नेछ ।

(३) कामदार र कर्मचारीको लागि सामाजिक सुरक्षाका कार्यक्रम संचालन गर्नु पर्नेछ ।

(ङ) दोस्रो पक्ष निम्न विषयमा जिम्मेवार रहनेछ ।

(१) आयोजनाको कार्यान्वयन गर्न,

(२) आयोजना सम्वन्धी योजना, अनुगमन र रिपोर्टिङ गर्न,

(३) आयोजनाको निमित्त वित्तिय व्यवस्थापन गर्न,

(४) आयोजनाको सुपरिवेक्षण र समग्र व्यवस्थापन गर्न,

(५) गुणस्तरको सुनिश्चितता गर्न,

(च) दोस्रो पक्षले आयोजना संग सम्वन्धित जुनसुकै खतरावाट वच्नको लागि बिमा गर्दा यस सम्झौता वमोजिम आयोजना सञ्चालन भएको अवधिभर र सो अवधि सकिएको मिति देखि थप एक वर्षसम्म कायम रहने गरी बिमा गराउनुपर्छ ।

(छ) यस सम्झौता वमोजिम आयोजना अवधिमा गरिने अनुगमनको सिलसिलमा प्रथम पक्षवाट दिइएको निर्देशन अनुसारको कार्य दोश्रो पक्षले सहमति र सोको समयावधि भित्र कार्यान्वयन गर्नुपर्नेछ ।

(ज) दोस्रो पक्षलाई आयोजना कार्यान्वयन गर्न आवश्यकता अनुसार आयोजना बैंकमा धित्तोमा राखि आवश्यक ऋण तथा बैंकिङ सेवा प्राप्त गर्ने अधिकार हुनेछ । तर आयोजना क्षेत्रको जग्गालाई धितो वन्धक राख्ने गरी कुनै कारवाही गर्न सक्नेछैन ।

(झ) दोस्रो पक्षले आफ्नो शेयर संरचनामा कुनै परिवर्तन हुने भएमा आवश्यक कानुनी प्रक्रिया पुरा गरी प्रथम पक्षलाई सो को जानकारी दिनुपर्नेछ । तर यो सम्झौतामा हस्ताक्षर भएको मितिबाट ४८ (अठचालीस) महिनासम्म दोश्रो पक्षका शेयर धनीको स्वामित्व ५१ प्रतिशत भन्दा कम हुने गरी शेयर विक्री गर्न पाउँने छैन । तर कम्पनिका सम्झौताका वखत कायम शेयरधनिहरुका बीचमा तथा आफ्ना हकवालालाई शेयर हस्तान्त्रण एवं खरिद बिक्रि गर्न वाधा पर्ने छैन ।

(ञ) आयोजना क्षेत्रमा दोस्रो पक्ष वा दोस्रो पक्षको प्रतिनिधिले कुनै गैर कानुनी क्रियाकलाप गरेको पाइएमा प्रचलित कानुन वमोजिम सजायँको भागीदार हुनेछ ।

फेवा सिल्टेसन प्रा.लि.

१४. आयोजना निर्माणको अनुगमन प्रक्रिया सम्बन्धी विवरणः

(क) दोस्रो पक्षले यो सम्झौता बमोजिम आयोजनाको निर्माण कार्य समयमा सम्पन्न भए वा नभएको विषयमा नियमावलीको नियम ४३ बमोजिम प्रथम पक्षले अनुगमन गर्न सक्नेछ ।

(ख) प्रथम पक्षले अनुगमनको क्रममा निर्माण कार्य समयमा सम्पन्न गर्न नसक्ने अवस्था देखिएमा सो को कारण खुलाई प्रथम पक्ष मार्फत दोस्रो पक्षलाई तीस दिनको समयवधि दिई स्पष्टीकरण माग गर्न सक्नेछ ।

(ग) दोस्रो पक्षले पेश गरेको स्पष्टीकरणको अध्ययन पश्चात निर्माण कार्य समयमा सम्पन्न गर्ने कुरा सुनिश्चित गर्न समय सीमा सहितको कार्यतालिका प्रदान गर्नेछ । त्यस्तो कार्यतालीकाको पालना गर्ने दायित्व दोस्रो पक्षको हुनेछ ।

१५. काबुबाहिरको परिस्थिति सम्बन्धी व्यवस्था :

(१) यस सम्झौतामा जुनसुकै कुरा लेखिएको भएतापनि देहाय बमोजिमको काबुबाहिरका परिस्थितिको कारणले भएको नोक्सानी वा सम्झौता बमोजिमको दायित्व पुरा गर्न नसकेमा समेत पक्षहरु उत्तरदायी हुनुपर्ने छैन ।

(क) आगोलागी, भुइचालो वा अन्य प्राकृतिक तथा दैवी प्रकोप, महामारी ।

(ख) आतंकवादी हमला, गृहयुद्ध, सशस्त्र संर्घष, नाकाबन्दी, व्यापारिक नाकाको प्रतिबन्ध ।

(ग) आधारभूत वस्तुहरुको आपूर्तिको कमी वा खरावी, अवरोधहरु, कम्प्युटर सुविधाको खरावी वा डाटा विफलता, स्थानीय अवरोध ।

(घ) अन्तर्राष्ट्रिय, राष्ट्रिय र स्थानीय आन्दोलन, संघ, प्रदेश, स्थानीय विवाद, बन्द, चक्काजामका कारण आयोजनामा असर पर्ने वस्तुनिष्ठ अवस्था ।

(ङ) गैर कानुनी विष्फोटन, अशान्ति ।

(२) काबु बाहिरको परिस्थितिको प्रभावित पक्षले उपदफा (१) मा उल्लेखित घटना घटेमा तत्कालै अर्को पक्षलाई सूचना दिनुपर्नेछ । उक्त सूचनामा निम्न उल्लेखित विषयहरु खुलाउनु पर्नेछ :

(क) प्रत्येक काबुवाहिरको परिस्थितिको घटनाको विस्तृत विवरण र सो पुष्टि गर्ने प्रमाण,

(ख) काबुवाहिरको परिस्थितिको अवधि, प्रभाव र सम्भावित प्रभाव,

(ग) काबुवाहिरको परिस्थितिले गर्दा उत्पन्न भएका प्रभाव र उक्त प्रभाव न्यूनीकरण गर्नका निमित्त पक्षले अपनाएको उपायहरु,

(घ) प्रभावित पक्षको कुनै दावी भए दावी विवरण,

(३) नेपाल सरकार, प्रदेश सरकार, अदालत वा संवैधानिक निकायको आदेशले आयोजना संचालनको काम कारवाही अवरुद्ध भएमा वा कार्य संचालन हुन नसकेमा, आयोजना कुनै पनि व्यहोराबाट प्रभावित भई व्यवसायिक कारोबार (आंशिक वा पूर्ण) संचालन हुन नसकेको अवस्था र अवधि समेतलाई काबुबाहिरको परिस्थिति मानिनेछ ।

(४) **निराकरण गर्ने दायित्व** :

प्रभावित पक्षले काबु बाहिरको परिस्थितिबाट हुन जाने संभावित हानी नोक्सानीलाई न्यूनीकरण गर्न देहाय बमोजिमको कार्य गर्नु पर्नेछः

(क) काबु बाहिरको परिस्थितिले गर्दा हुन सक्ने ढिलाइ वा क्षतिलाई न्यूनीकरण गर्ने वा रोक लगाउन आयोजनासँग सम्वन्धित सम्पत्ति तथा व्यवसायको हानी नोक्सानीका लागि विमा गराउने, वैकल्पिक उपायहरु अपनाउने ।

(ख) यथाशिघ्र उचित रुपमा सम्भव भएसम्म, असल उद्योग अभ्यास वमोजिम काबुबाहिरको परिस्थिति वा यसका असरहरुको समाप्ति पछि यस सम्झौताको कार्य सम्पादन पुनः शुरु गर्ने ।

(ग) आयोजनाको सम्वन्धमा कुनै पनि काबुबाहिरका परिस्थिति निराकरण गर्न लिएको उचित कदमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न प्रभावित पक्षलाई अर्को पक्षले आवश्यक सहयोग गर्नु पर्नेछ ।

(५) **काबुबाहिरको परिस्थितिमा राहत** :

काबु बाहिरको परिस्थिति परेको कारणले तथा त्यसवाट पर्न गएको असरले गर्दा सम्झौताको अवधिभर कुनै पक्षको दायित्व उत्पन्न हुन गएको र सो वमोजिम दायित्व पुरा गर्न सो पक्ष असमर्थ भएमा वा ढिलाइ गरेमा प्रभावित पक्षले काबु वाहिरको परिस्थिति परी उत्पन्न भएको थप दायित्वको हकमा कुनै जिम्मेवारी लिनु पर्ने छैन ।

(६) **समय अवधि** :

प्रभावित पक्षको यस सम्झौता अन्तर्गतको दायित्व सम्पादनको समय अवधि र अन्तिम समय सीमा (जुन काबु बाहिरको परिस्थितिले असर पारेको हुन्छ) त्यस्तो सीमा वा अवधि जबसम्म प्रभावित पक्ष पालन गर्न असमर्थ हुन्छ वा पालन गर्न ढिलाई हुन्छ तबसम्म वा यस सम्झौतामा तोकिएको समयमा दोश्रो पक्षले तोकिएको कार्य सम्पन्न नगरेमा ऐनको

दफा ३१ बमोजिम विशेष परिस्थिति मानी प्रति दिनको आधारमा सम्झौताको अवधि थप गरिनेछ ।

(७) **काबुबाहिरको परिस्थितिले गर्दा भएको क्षतिको उत्तर दायित्व :**
काबुबाहिरको परिस्थिति परी उत्पन्न भएको क्षति एक पक्षले अर्को पक्षलाई दिन उत्तरदायी हुने छैन ।

(८) **रोयल्टीको गणना :** दोश्रो पक्षले निर्माण सामाग्री संकलन गर्न नपाउने गरी उपदफा ३ बमोजिमको काबु बाहिरको परिस्थिती उत्पन्न् भएमा पहिलो पक्षले सो अवधिको वैकल्पिक व्यवस्था गरी सामाग्री संकलन वा रोयल्टी संकलन गर्नेछ ।

१६. **संझौता अन्त्य हुनेअवस्था :**

(१) देहायको अवस्थामा ६ (छ) महिना अगावै लिखित सूचना दिएर प्रथम पक्षले यो सम्झौता रद्द गर्न सक्नेछ र त्यसको व्यवस्थापन निम्नानुसार गरिने छ ।

(क) दफा १९ बमोजिम बुझाउनु पर्ने रोयल्टी रकम बुझाउनु पर्ने म्याद समाप्त भएको मितिले ६ (छ) महिना भित्र नवुझाएमा ।

(ख) यो सम्झौतामा तोकिएको समयावधि भित्र आयोजना सञ्चालन प्रारम्भ नगरेमा ।

(ग) यस उपदफा बमोजिम संझौता अन्त्य हुँदा यस संझौताको क्षतिपूर्ति सम्वन्धी प्रावधान आकर्षित हुने छैन ।

(घ) यस संझौताको अनुसुचि २ वमोजिम आयोजनाको मर्मत संभार तथा आवश्यक थप संरचनाको निर्माण दोश्रो पक्षले नगरेमा पहिलो पक्षले तत्काल कायम रहेको वैंक जमानत जफत गरी संझौता अन्त्य गर्न सक्नेछ ।

(२) पक्षहरु बीच कुनै पनि विषय र व्यहोराको विवाद उपन्न भएको तर सम्झौता भंग नभै सकेको अवस्थामा सम्झौताको निरन्तर कार्यान्वयन गर्नु दुवै पक्षको कर्तब्य हुनेछ ।

(३) प्रथम पक्षले जारी गरेको नीति वा तर्जुमा गरेको कानून, वा कार्यपालिकाबाट भएको निर्णयबाट वा प्रथम पक्षले यो सम्झौताको शर्त बन्देज विपरित गरेको काम कारवाहीबाट दोस्रो पक्षले आयोजना कार्यान्वयन वा संचालनमा हस्तक्षेप, बाधा, अवरोध वा असहयोग भएको भनी लिखित जानकारी प्रथम पक्षलाई गराउन सक्नेछ । दोस्रो पक्षबाट लिखित जानकारी प्राप्त भएको ६ (छ) महिना भित्र प्रथम पक्षले यो संझौता कार्यान्वयन गर्ने वातावरण तयार गर्नु पर्नेछ । सो अवधि सम्म पनि दोस्रो पक्षले उल्लेख गरेको परिस्थिति

विद्यमान रहेमा दोस्रो पक्षले यो संझौता त्याग गर्न सक्नेछ र यस अवस्थामा यस संझौताको क्षतिपूर्ति सम्बन्धी प्रावधान आकर्षित हुनेछ।

(४) यस दफा वमोजिम प्रथम पक्षले दोस्रो पक्ष माथि कुनै कारवाही गर्दा मुनासिव माफिकको समय दिई सुनुवाईको मौका प्रदान गर्नु पर्नेछ।

(५) यस दफा वमोजिम संझौताको अन्त्य भए पछि आयोजनाले सिर्जना गरेको प्रमुख संरचना (ड्याम) प्रथम पक्षको हुनेछ। दोस्रो पक्षले कुनै तेस्रो पक्षलाई तिर्नु वुझाउनु पर्ने कुनै दायित्वको विषय दामासाही सम्वन्धी प्रचलित कानुन वमोजिम हुनेछ।

(६) दोस्रो पक्षले संचालन गरेको आयोजनाको वित्तीय संभाव्यताको कारणले स्वयं संचालन गर्न वा तेस्रो पक्षलाई आयोजना दिन भनी प्रथम पक्षले यो संझौता अन्त्य गर्ने चेष्टा गर्न तथा संझौता वमोजिमको क्षतिपूर्ति दावी गर्ने मनसायले दोस्रो पक्षले योजनाबद्ध रुपमा संझौता त्याग गर्ने चेष्टा गर्न पाइने छैन। संझौता कार्यान्वयनको क्रममा उत्पन्न उक्त विशिष्ट परिस्थिति यस उपदफामा उल्लेखित विषयको कारणले आएको हो भनी मर्का पर्ने पक्षले दफा २० बमोजिम मध्यस्थताको माग गर्न सक्नेछन्। मध्यस्थताको कार्य यस संझौता तथा मध्यस्थता सम्बन्धी प्रचलित नेपाल कानुन अनुसार गरिनेछ।

१७. क्षतिपूर्ति:

दफा १५ बमोजिम काबुबाहिरको परिस्थिति परेको अवस्थामा बाहेक, दफा १६ वमोजिम क्षतिपूर्तिको प्रावधान आकर्षित हुने अवस्थामा दोस्रो पक्षलाई प्रथम पक्षले देहाय बमोजिम क्षतिपूर्ति प्रदान गर्नुपर्नेछ :

(१) दफा १६ (३) बमोजिम सम्झौता अन्त्य भएमा देहाय वमोजिम पहिलो पक्षले दोस्रो पक्षलाई क्षतिपूर्ति दिनुपर्नेछ।

| क्र.सं. | समय | क्षतिपूर्ति |
|---|---|---|
| १. | संझौता सम्पन्न भएको मितिले २० (बीस) वर्षसम्म। | आयोजना निर्माणमा भएको लगानी रकमको दुई गुणा र उक्त रकममा एक पटक मात्र १० प्रतिशत ब्याज थप गरी कायम हुने रकम। |
| २. | बुँदा नं. (१) मा उल्लिखित समय भन्दा पछि आयोजना अवधिभर। | आयोजना निर्माणमा भएको लगानी वरावरको रकम। |

नोट : लगानी रकम प्रमाणीत गर्ने कार्य गणना तेश्रो पक्षवाट मुल्याङ्कन गरि गरिने छ। पहिलो पक्षले यो कार्य स्वंय गर्न पनि सक्ने छ। तेश्रो पक्षको प्रयोग गरेमा त्यस्तो पक्षको नियुक्ति पहिलो पक्षले गर्नेछ।

१८. **सामाग्रीको विक्री शुल्क सम्बन्धी व्यवस्थाः**

आयोजना संचालन पश्चात संकलन तथा प्रशोधन गरिएको निर्माण सामाग्रीको विक्री मूल्य जिल्ला दररेट वमोजिम वा बजारले तय गरे बमोजिम हुनेछ।

१९. **रोयल्टी र भुक्तानी विधिः**

(१) दोस्रो पक्षले प्रत्येक वर्ष अनुसूची १ बमोजिमको रोयल्टी प्रथम पक्षलाई बुझाउनेछ। दोस्रो पक्षले ऐनको दफा ३२ बमोजिम तिर्न बुझाउनु पर्ने रोयल्टी समयमा भुक्तान गर्न असमर्थ भएमा रोयल्टी वुझाउने म्याद समाप्त भएको मितिले रोयल्टी रकमको दश प्रतिशत व्याज सहितको थप रकम प्रथम पक्षलाई भुक्तान गर्नुपर्नेछ।

(२) यस संझौता वमोजिम पहिलो बर्षको लागि कायम भएको रोयल्टी रकम महानगरपालिकामा दाखिला गरेपछि संझौतामा हस्ताक्षर हुनेछ।

(३) काबुबाहिरको परिस्थिति आइ फेवातालको चार वटा स्रोत नदिमा बनेको सिल्टेसन ड्यापहरु मध्ये कुनै वा सबै ड्यापहरुमा गंभिर क्षति पुग्न गएमा मर्मत संभारको लागि ६ महिनाको अवधि उपलब्ध गराइनेछ। त्यस्तो मर्मत दोश्रो पक्षले स्वयं गर्नु पर्नेछ। सो प्रकोपको कारणले निर्माण सामाग्रीको मौज्जातमा सारभुत रुपमा फरक पर्न गएमा दफा ३१ बमोजिमको समितिको प्रतिवेदनको आधारमा सो अवधिको रोयल्टी रकम छुट गरिनेछ।

(४) खहरे खोला आयोजना क्षेत्र भन्दा माथि सोही नदिमा अन्य स्थानीय तहबाट यसै आयोजना संग मिल्दो जुल्दो नदिजन्य सामाग्री उत्खनन, संकलन, प्रसोधन र निकासी गर्ने आयोजना संचालन हुन गई नदिजन्य सामाग्री उल्लेख्य मात्रामा कमि भई आयोजनाको वित्तिय स्वास्थ्यमा प्रतिकुल असर परेको अवस्थामा वार्ता गरी रोयल्टी रकम तय गरिनेछ।

२०. **विवाद समाधानको संयन्त्र, लागु हुने कानून, विधि र प्रक्रिया :**

(१) यस सम्झौतामा उल्लेखित शर्त बन्देजका अतिरिक्त दुवै पक्षले प्रचलित कानूनको परिपालना गर्नुपर्नेछ।

(२) विवाद उठेको अवस्थामा एक पक्षले अर्को पक्षलाई विवादको सम्वन्धमा लिखित सूचना (विवाद सूचना) उपलब्ध गराएर विवादको समाधान प्रक्रिया शुरु गर्नु पर्नेछ।

फेवा सिल्टेसन प्रा.लि. Fewa Siltation Pvt. Ltd.

(३) विवाद सूचनाले विवादमा रहेका पक्षहरुको पहिचान गर्नेछ, विवाद उत्पन्न भएको संकेत गर्नेछ । विवादको एक संक्षिप्त विवरण समावेश गर्नेछ । आपसी समझदारीमा विवादको समाधानको निमित्त दुवै पक्षको आधिकारिक व्यक्तिले बैठक आह्वान गर्नेछ ।

(४) विवादको सूचना प्राप्त गरेको मितिले ६० दिन भित्र दुवै पक्षको आधिकारिक प्रतिनिधिहरुले आपसी समझदारीमा सकारात्मक मनसाय (Good Faith) द्वारा विवादको समाधान गर्न कोशिस गर्नुपर्नेछ । यदि ६० दिनको अवधि भित्र आपसी समझदारीमा विवादको समाधान हुन नसकेमा विवाद निरुपण समिति समक्ष पेश गर्नु पर्नेछ ।

(५) दुवै पक्षको आपसी समझदारीमा विवाद निरुपण समितिको स्थापना गर्नु पर्नेछ । जसमा तीन जना सदस्यहरु रहनेछन् । विवादका पक्षहरुको तर्फबाट एक-एक जना सदस्यहरु नियुक्त हुनेछ । नियुक्त भएको दुई सदस्यहरुले अर्को एक जना सदस्य नियुक्त गर्नु पर्ने छ ।

(६) उपदफा (५) बमोजिम विवाद निरुपण समितिबाट जारी भएको निर्णयमा चित्त नबुझेमा वा विवाद समाधान नभएमा त्यस्तो विवादलाई मध्यस्थता ऐन २०५५ द्वारा समाधान गर्नेछ । उक्त ऐन बमोजिम गठन गरिएको मध्यस्थ ट्राइब्यूनलमा तीन जना मध्यस्थकर्ता समावेश गर्नेछ । उक्त मध्यस्यथताको कार्यविधि Nepal Council of Arbitration Rules बमोजिम हुने छ । जस मध्ये एक जना प्रथम पक्षले, एक जना दोस्रो पक्षले मनोनयन गर्ने छ र ती दुई मध्यस्थकर्ताहरुले ३० दिन भित्र तेस्रो मध्यस्थकर्ता नियुक्त गर्नु पर्नेछ । यदि दोस्रो मध्यस्थकर्ता नियुक्त गरेको ३० दिनसम्म पनि तेस्रो मध्यस्थकर्ता नियुक्त गर्न नसकेमा मध्यस्थ ऐन २०५५ बमोजिम तेस्रो मध्यस्थकर्ता नियुक्त गर्न आवश्यक कानूनी कारवाही गर्न सक्नेछ ।

(७). मध्यस्थकर्ताको कार्यालय पोखरामा रहनेछ ।

(८) मध्यस्थकर्ताले प्रयोग गर्ने भाषा नेपाली हुनेछ ।

(९) यस मध्यस्थयता सम्झौता, यसको सम्बन्धमा उत्पन्न भएको कुनै पनि विवाद वा दाबी, वा यसको व्याख्या नेपालको प्रचलित कानुन बमोजिम हुनेछ ।

(१०) यो सम्झौता बमोजिम उत्पन्न भएको कुनै विवाद समाधानका प्रकृयाले यस सम्झौता बमोजिमको पक्षहरुको दायित्व र अधिकारलाई कुनै असर गर्ने छैन ।

फेवा सिल्टेसन प्रा.लि. Fewa Siltation Pvt. Ltd.

[illegible]. **बैंक ग्यारेण्टी सम्वन्धी** :

(१) लगानीको सुनिश्चितताको लागि आयोजनाको निर्माण अवधि र कुल लगानीको हिसाव गरी २५ महिना अवधिको लागि रु ८ (आठ) करोड बराबरको कार्य सम्पादन जमानत (Performance Bond) पेश गर्नुपर्नेछ । संझौताको क्रममा २५ महिना अवधि भएको जमानतको समय समाप्त भएपछि सो जमानत पुनः प्रत्येक वर्ष निर्माण कार्य सम्पन्न नभएसम्मका लागि नविकरण गर्नुपर्नेछ ।

(२) आयोजना संचालनको लागि दोस्रो पक्षले उप दफा १ बमोजिम संझौतामा हस्ताक्षर गर्नका लागी २५ महिना म्याद भएको रु ८ (आठ) करोड बराबरको कार्य सम्पन्न जमानत (Performance Bond) पेश गर्नुपर्नेछ ।

(३) यस संझौतापत्र बमोजिम अनुसुचि २ मा उल्लेखित कार्यतालिकाको उल्लंघन भएमा प्रथम पक्षले बैंक जमानत जफत गर्न सक्नेछ ।

(४) आयोजना हस्तान्त्रणको समयमा गरिने मर्मतको प्रयोजनको लागि यसै सम्झौता बमोजिम बैंक जमानत पेश गर्नु पर्नेछ ।

[illegible]. **विमा:**

(१) सम्झौताको अवधिभर दोस्रो पक्षले सम्झौता बमोजिम विकास गरेका चल अचल सम्पत्ति, कर्मचारी तथा प्रतिनिधि, उपभोक्ता तथा आयोजनाले तेस्रो व्यक्ति वा निजहरुको सम्पत्ति एवं सार्वजनिक सम्पत्ति वा पूर्वाधारमा हुन सक्ने क्षति समेतलाई ध्यानमा राखि दोस्रो पक्षको एकल लागत र खर्चमा आर्थिक स्थिति राम्रो भएको बिमा कम्पनीसँग बिमा सम्झौता गर्नु पर्नेछ । दोस्रो पक्षले यस दफा बमोजिम बिमा गराई सो को प्रमाण कागजात वा आवधिक रुपमा बिमाको नविकरणको प्रमाण प्रथम पक्षलाई उपलब्ध गराउनु पर्नेछ ।

(२) आयोजनाको विमा समयमा नगरेको कारणले उत्पन्न हुने दायित्व दोश्रो पक्षको हुनेछ ।

(३) आयोजनाको विमा गर्नको लागि सिल्टेसन ट्र्याप निर्माण संग सम्वन्धित आवश्यक कागजात प्रथम पक्षले उपलब्ध गराउनु पर्ने छ । प्रथम पक्षले समयमै कागजातहरु उपलब्ध नगराएको कारणले समयमै दोश्रो पक्षले वीमा गर्न नसकी मिति २०७८ भाद्र मसान्त सम्ममा सिल्टेसन ट्र्यापमा क्षति हुन गएमा सोको दायित्व प्रथम पक्षले व्यहोर्नु पर्ने छ । यस्तो अवस्थामा दोश्रो पक्षले आयोजना निर्माणमा गर्नु पर्ने लगानि रकममा गणना गर्ने गरी प्रथम पक्षले DPR स्वीकृत गरिदिनु पर्नेछ ।

२३. **कर:**

प्रचलित कानून बमोजिम लाग्ने व्यवसाय कर र सम्पति कर लगायतका कर दस्तुर भुक्तानी गर्ने दायित्व दोश्रो पक्षको हुनेछ ।

२४. **भुक्तानीको व्यवस्थापन:**

यस सम्झौता बमोजिम लाग्ने कर दस्तुर भुक्तानी गर्ने वा आयोजनाको कारणले प्रत्यक्ष प्रभाव पर्ने व्यक्तिलाई दिनु पर्ने क्षतिपूर्ति भुक्तानीको आवश्यक व्यवस्था गर्ने जिम्मेवारी दोस्रो पक्षको हुनेछ ।

२५. **आयोजनाको खाता सम्बन्धी व्यवस्था:**

दोस्रो पक्षले प्रचलित कानुन वमोजिम विजक जारी गरी आर्थिक कारोवार संचालन गर्नुपर्नेछ ।

२६. **बैंकिङ कारोबार:**

(१) सम्झौताका सम्पूर्ण आर्थिक कारोबारहरु दोस्रो पक्षको खाता संचालन रहेको बैंक मार्फत मात्र गर्नुपर्नेछ ।

(२) दोस्रो पक्षले आयोजना सञ्चालन गरे बापत प्रथम पक्षलाई तिर्नु बुझाउनु पर्ने रकम दोस्रो पक्षको नाममा रहेको बैंक खाता मार्फत भुक्तानी गर्न सकिनेछ ।

२७. **संशोधन तथा त्याग:**

यस सम्झौताको कुनै पनि संशोधन एउटा पक्षले संसोधन गनुपर्ने कारण र आधार खुलाई लिखित रुपमा पेश गरी अर्को पक्षले स्वीकार नगरे सम्म लागु हुने छैन ।

(१) कुनै पक्षले यस सम्झौता वा अन्य कानुन बमोजिमका कुनै अधिकार वा उपचारको प्रयोग गर्न ढिलाइ गरेका कारणले सो अधिकार, उपचार वा अन्य कुनै अधिकार वा दायित्व त्याग गरेको मानिने छैन । यस सम्झौता बमोजिम कुनै पक्षलाई प्राप्त अधिकार प्रयोग गर्नलाई कुनै पक्षलाई वञ्चित गरिने छैन । यस सम्झौता वा अन्य प्रचलित कानुन बमोजिमको अधिकार वा उपचार लिखित रुपमा त्याग गरेमा मात्र प्रभावकारी हुनेछ ।

(२) यस सम्झौतामा स्पष्ट व्यवस्था भएकोमा बाहेक, सम्झौताले प्रदान गरेको अधिकार तथा उपचार कानुन बमोजिम उपलब्ध अधिकार तथा उपचारमा थप हो । यसले कानुनले प्रदान गरेको कुनै अधिकार तथा उपचारमा बाधा पुऱ्याएको मानिने छैन ।

२८. **सूचना आदान प्रदान:**

यस सम्झौता अन्तर्गत वा यस सम्झौतासँग सम्वन्धित पक्षलाई दिइने सूचना लिखित हुनु पर्नेछ र त्यस्तो सूचना हुलाक, इमेल, फ्याक्समार्फत् वा व्यक्तिगत रुपमा दिन पर्नेछ ।

(१) सूचना प्राप्त मितिको गणना सम्वन्धित पक्षले कानुन बमोजिम प्राप्त गरेको मिति देखि हुनेछ ।

(२) एउटा पक्षले अर्को पक्षलाई सूचना आदान प्रदान गर्दा निम्न उल्लेखित ठेगानामा गर्नु पर्नेछ ।

| प्रथम पक्ष | पोखरा महानगरपालिका |
|---|---|
| ठेगाना | पोखरा महानगरपालिका नगर कार्यपालिकाको कार्यालय<br>गण्डकी प्रदेश, कास्की, नेपाल |
| फोन. नं | ०६१ ५२५३४०, ०६१५२११०५ ५२११०४ |
| इमेल | info@pokharamun.gov.np |
| सम्पर्क व्यक्ति | प्रमुख प्रशासकीय अधिकृत |
| **दोस्रो पक्ष** | **फेवा सिल्टेसन प्रा. लि** |
| ठेगाना | पोखरा महानगरपालिका वडा नं. २३, गण्डकी प्रदेश, कास्की |
| मोबाइल न | ९८५६०४४१११ |
| इमेल | fewa.siltation77@gmail.com |
| सर्म्पक व्यक्ति | शिव प्रसाद अधिकारी |

(३) पक्षले एक अर्को पक्षलाई सम्पर्क व्यक्ति वा ठेगाना परिवर्तन भएको जानकारी समयमा नै उपलब्ध गराउनुपर्नेछ ।

## उद्घोषण:

दुवै पक्ष निम्न उद्घोषण सही छ, भ्रामक छैन भनि मन्जुर गर्दछन् । अर्को पक्षलाई दफा- दफामा लेखिएको उद्घोषण सही छ, भ्रामक छैन भनी उद्घोष गर्दछन् ।

(१) पक्षकारहरु नेपाल कानून बमोजिम संस्थापित स्वतन्त्र अस्तित्वका संस्था तथा कम्पनी हुन् ।

(२) पक्षहरु यो सम्झौता गर्नका लागि वैध तथा कानुनी अधिकार र वैधानिक अख्तियार प्राप्त छन् र यो सम्झौताका शर्तहरुले अर्को पक्ष माथि कानुनी तथा बन्धनात्मक कर्तव्य सिर्जना गर्दछ ।

(३) यस सम्झौता बमोजिम पक्षले सम्पादन गरेका कार्य तथा सोसँग संलग्न कागजातहरुलेपक्षहरुलाई बन्धनकारी हुने अन्य सम्झौता, आदेश, निर्णय वा वन्देजको उल्लंघन हुने छैन ।

**३०. सहकार्य:**

दुवै पक्षले यो सम्झौता बमोजिमको आयोजना कार्यान्वयन गर्नको निमित्त निजी सार्वजनिक सम्झौताका शर्त बन्देजहरु बमोजिम आ-आफ्नो अधिकार तथा दायित्वको अभ्यास र प्रदर्शन गरी एक अर्कोलाई सहयोग र सहकार्य गर्नुपर्नेछ ।

**३१. आयोजना निरीक्षण समिति:**

आयोजना निरीक्षण समितिमा देहाय बमोजिमका पाँच जना प्रतिनिधि रहने छन् :

(क) प्रथम पक्षले तोकेको तीन जना,

(ख) दोश्रो पक्षले तोकेको दुई जना,

(ग) प्रथम पक्षको अनुगमन समितिलाई आयोजना अनुगमनको अधिकार हुनेछ ।

**३२. जोखिमको बाँडफाँड र आयोजना अवधिमा जोखिम व्यवस्थापन गरिने विधि:**

दुवै पक्षले आपसी सहकार्यमा आयोजना कार्यान्वयन अवधिमा आउने सक्ने जोखिम व्यवस्थापन गर्नु पर्नेछ ।

**३३. आयोजनामा लगानी सुनिश्चितताको खाका :**

दोस्रो पक्षले आयोजना संचालनको लागि गर्नु पर्ने लगानीको सुनिश्चितताको लागि निम्न वमोजिम कागजात पेश गर्नेछ :

(क) यो संझौता गर्नु पूर्व यस कार्यालयको नाममा जारी भएको २५ महिना म्याद भएको रु ८ (आठ) करोड वरावरको बैंक जमानत ।

(ख) योजना कार्यान्वयनको लागि निर्माण गर्नुपर्ने मूख्य संरचनाहरु :४ चार वटै खोलाहरुको ड्याम अनुसुची २ बमोजिम निर्माण/मर्मत सम्पन्न नभए सम्म उपदफा (क) मा उल्लेखित रकम बराबरको बैंक जमानतको ५ (पाँच) वर्षसम्म म्याद थप गर्नु पर्नेछ । तर अनुसुची २ बमोजिमको निर्माण कार्य समाप्त भएपछि बैक जमानत फुकुवा गरिने छ ।

(ग) आयोजना संझौताको ५ (पाँचा) वर्षसम्म पनि उपदफा (ख) मा उल्लेखित मूख्य संरचनाहरुको मर्मत र आवश्यक थप संरचनाहरु निर्माण सम्पन्न नभएमा यस दफा बमोजिम बैंक जमानत् जफत गरी, संझौताको अन्त्य गरिनेछ । यस अवस्थामा, यस संझौतामा अन्यत्र उल्लेखित क्षतिपूर्ति सम्वन्धी प्रावधान आकर्षित हुने छैन ।

(घ) संझौतामा उल्लेखित संरचनाको मर्मत तथा आवश्यक अन्य संरचनाको निर्माण सम्पन्न भएपछि यस दफा वमोजिमको बैंक जमानत फुकुवा गरिनेछ ।

३४. <u>विविध:</u>

(१) यस सम्झौता बमोजिम आयोजना संचालन पश्चात नेपाल सरकारले तोकेको आर्थिक बर्षको हिसावले प्रत्येक आर्थिक बर्षको बार्षिक कारोवार र आवधिक रुपमा सम्वन्धित आर्थिक तथा वित्तीय विवरण समेटिएको बार्षिक प्रतिवेदन (लेखा परिक्षण प्रतिवेदन समेत) दोस्रो पक्षले प्रथम पक्षलाई अनिवार्य रुपमा उपलब्ध गराउनेछ । उक्त प्रतिवेदनहरुको विश्वसनीयता परिक्षण गर्न कुनै पनि समयमा आयोजनाको आर्थिक कारोवार प्रविष्ट हुने कारोवार किताव, लेजर तथा सफ्टवेयरको निरीक्षण वा परिक्षण पहिलो पक्षले गर्न सक्नेछ र उक्त कार्यको लागि दोस्रो पक्षले आवश्यक सहयोग गर्ने छ ।

(२) प्रथम पक्षले निरीक्षणको सिलसिलामा संझौता पालना गर्ने प्रयोजनका लागि दिएका सल्लाह, सुझाव वा निर्देशनलाई दोस्रो पक्षले पालना गर्नेछ ।

(३) दोस्रो पक्षले सम्झौता बमोजिम लिएको सुविधाको दुरुपयोग गरेमा,निरीक्षणको सिलसिलामा दिइएका निर्देशनहरुलाई पालना नगरेमा वा यो सम्झौताका शर्तको पालना नगरेमा प्रथम पक्षले मनासिव माफिकको समय दिई दोस्रो पक्षलाई आवश्यक कारवाही गर्न सक्नेछ ।

(४) सम्झौता बमोजिम दोस्रो पक्षले मन्जुर गरे अनुसार काम नगरेमा वा यस सम्झौतामा समावेश भएको कार्य तालिका बमोजिम काम नगरेमा वा दुरुपयोग गरेमा प्रथम पक्षले प्रचलित कानुन बमोजिम आवश्यक कारवाही गर्न सक्नेछ ।

(५) यो सम्झौतको व्याख्या गर्दा दुबै पक्षको वार्ता समितिले गरेको समझदारी पत्र, प्रस्ताव सम्वन्धि कागजातहरु र प्रदेशले गरेको ड्याम संरक्षण सम्वन्धि अध्ययन प्रतिवेदनको प्राविधिक पक्षलाई आधार मानिने छ ।

(६) यो सम्झौतामा उल्लेख भएका विषयहरु यसै बमोजिम र सो वाहेक अन्य विषयहरुमा प्रचलित नेपाल कानुन बमोजिम हुनेछ ।

यस सम्झौताको परिणाम जानी-बुझि सम्झौता पत्रका शर्त, बन्देज पालना गर्न दुवै पक्ष मन्जुर भएक हुनाले यस सम्झौता पत्रमा निम्नानुसारका अख्तियार प्राप्त व्यक्तिहरुले सहीछाप गरि लियौं, दियौं ।

फेवा सिल्टेसन
Fewa Siltation Pvt. Ltd.

| दोस्रो पक्षको तर्फबाट | प्रथम पक्षको तर्फबाट |
| --- | --- |
| दस्तखत :- ............................................ | दस्तखतः- ............................................ |
| नाम थरः-पोषण बहादुर थापा(ना.प्र.नं. ३१२८३,कास्की) | नाम थरः- महेश वराल |
| पदः- अध्यक्ष | पदः-प्रमुख प्रशासकीय अधिकृत |
| फेवा सिल्टेसन प्रा.ली. | पोखरा महानगरपालिका |
| (द.नं. २४७६०८/०७७/०७८, २०७७/०८/०४, | नगर कार्यपालिकाको कार्यालय, |
| कम्पनी रजिष्ट्रारको कार्यालय, काठमाडौ) | पोखरा–८,कास्की |
| पोखरा–२३, कास्की | |

| रोहवर | रोहवर |
| --- | --- |
| दोस्रो पक्षको तर्फबाट | प्रथम पक्षको तर्फबाट |
| १) लिल वहादुर लामिछाने | १) भरतराज पौडेल, प्रशासन महाशाखा प्रमुख, पो.म.न.पा. |
| २) शिव प्र. अधिकारी | २) ई.शारदा मोहन काफ्ले,प्राविधिक महाशाखा प्रमुख, पो.म.न.पा |
| ३) तेजेन्द्र पौडेल | ३) नारायण प्रसाद शर्मा शर्मा, कानुन महाशाखा प्रमुख,पो.म.न.पा. |
| | ४) ई. महेन्द्र ब. गोदार, पिपिपि फोकल पर्सन,पो.म.न.पा. |

इति संवत् २०७८ साल जेष्ठ महिना १७ गते रोज २ शुभम्

# अनुसूची १

## रोयल्टी भुक्तानीको तालिका

दोस्रो पक्षले प्रथम पक्षलाई बुझाउनुपर्ने रोयल्टीको सालवसाली तालिका यस प्रकार रहेको छ :

| वर्ष | रोयल्टी रकम | भुक्तानी तालीका | कैफियत |
|---|---|---|---|
| १ | १३०१०६२५ | संझौता पुर्व | |
| २ | १३०१०६२५ | दूई किस्तामा अग्रीम | |
| ३ | २६०२१२५० | चार किस्तामा अग्रीम | |
| ४ | २६०२१२५० | चार किस्तामा अग्रीम | |
| ५ | २६०२१२५० | चार किस्तामा अग्रीम | |
| ६ | २६५४१६७५ | चार किस्तामा अग्रीम | |
| ७ | २७०७२५०९ | चार किस्तामा अग्रीम | |
| ८ | २७६१३९५९ | चार किस्तामा अग्रीम | |
| ९ | २८१६६२३८ | चार किस्तामा अग्रीम | |
| १० | २८७२९५६३ | चार किस्तामा अग्रीम | |
| ११ | २९३०४१५४ | चार किस्तामा अग्रीम | |
| १२ | २९८९०२३७ | चार किस्तामा अग्रीम | |
| १३ | ३०४८८०४२ | चार किस्तामा अग्रीम | |
| १४ | ३१०९७८०३ | चार किस्तामा अग्रीम | |
| १५ | ३१७१९७५९ | चार किस्तामा अग्रीम | |
| १६ | ३२३५४१५४ | चार किस्तामा अग्रीम | |
| १७ | ३३००१२३७ | चार किस्तामा अग्रीम | |
| १८ | ३३६६१२६२ | चार किस्तामा अग्रीम | |
| १९ | ३४३३४४८७ | चार किस्तामा अग्रीम | |
| २० | ३५०२११७६ | चार किस्तामा अग्रीम | |
| २१ | ३५७२१६०० | चार किस्तामा अग्रीम | |
| २२ | ३६४३६०३२ | चार किस्तामा अग्रीम | |
| २३ | ३७१६४७५३ | चार किस्तामा अग्रीम | |
| २४ | ३७९०८०४८ | चार किस्तामा अग्रीम | |

नोट : उक्त रकममा मुअकर थप गरी महानगरपालिकामा दाखिला गर्ने र महानगरपालिकाले सम्बन्धित का कार्यालयमा मुअकर जम्मा गर्ने ।

फेवा सिल्टेसन प्रा.लि. Fewa Siltation Pvt. Ltd.

# अनुसूची २

## आयोजना कार्यान्वयनको कार्यतालीका

आयोजना कार्यान्वयनको कार्यतालिका निम्न वमोजिम हुनेछ ।

| सि.नं. | कृयाकलापहरु | संझौताको मितिले ३ महिना | संझौताको मितिले २ बर्ष | संझौताको मितिले ४ बर्ष | संझौताको मितिले ५ बर्ष |
|---|---|---|---|---|---|
| १. | संरचनाहरु जिम्मा लिने, आवश्यकता अनुसार विमा गर्ने, खहरे खोलाको ड्याम सँगै Wing Wall लगाउने, र ४ वटै ड्याम तथा संरचनाहरुको सामान्य मर्मत र संरक्षण गर्ने | → | | | |
| २. | हर्पन खोला तथा खहरे खोलाको ड्यामको मर्मत संभार गर्ने | → | → | | |
| ३. | लौरुक र वेतिनी खोलाको ड्यामको मर्मत संभार गर्ने | → | → | → | |
| ४. | चारैवटा ड्यामको तल्लो र माथिल्लो क्षेत्रमा ड्याम संरक्षणको लागि आवश्यक सम्पूर्ण संरचनाहरुको निर्माण र मर्मत सम्पन्न गर्ने | → | → | → | → |
| ५. | आयोजनाको व्यवसायिक रुपमा गर्नु पर्ने कृयाकलापहरु | फेवा सिल्टेशन प्रा.लि.ले आफै कार्ययोजना वनाई संचालन गर्न सक्ने | | | |

नोट: मर्मतको डिजाईन ड्रोईङ तथा **Techiniacl Specification** र **Quality** प्रदेशले सम्पन्न गरेको अध्ययन प्रतिवेदन मुताविक वा यस सम्झौता बमोजिम त्यसमा गरिने परिमार्जन मुताविक हुनु पर्नेछ ।

फेवा सिल्टेसन प्रा.लि.
Fewa Siltation Pvt. Ltd.